

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्र्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ १५ गते सोमबार ❑ 29 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पोखरामा रोकिएन ट्याक्सीको मनोमानी

**पोखरापत्र संवाददाता**

पोखरा, १४ माघ

गण्डकी प्रदेशसभाका सदस्य भोजराज अर्याललाई शुक्रबार बिहान ९ बजेअगावै प्रदेशसभा सचिवालय पुग्नुपर्ने थियो । आफू सभापति रहेको अर्थ तथा विकास समितिले आयोजना गरेको कार्यक्रममा जान उहाँ विरौटाबाट ट्याक्सी चढ्नुभयो ।

नदीपुरस्थित प्रदेशसभा भवन नजिक ओर्लनुभएका प्रदेशसभा सदस्य अर्याललाई ट्याक्सी चालकले रु पाँच सय भाडा मागे । ट्याक्सीमा आवतजावत गर्नुपर्दा सधैं रु चार सय तिरिरहनुभएका उहाँ ट्याक्सी चालकले भनेजति भाडा दिन तयार हुनुभएन ।

प्रदेशसभा सदस्य अर्यालले आफू सधैं रु चार सय तिरेर विरौटाबाट आउने गरेको बताएपछि ट्याक्सी चालक त्यति नै भाडा लिन राजी हुनुभयो र नदीपुरबाट फर्कनुभयो । यसरी प्रदेशसभा सदस्य अर्याल ट्याक्सी भाडामा ठगिनबाट जोगिनुभयो । प्रदेशसभाको अर्थ तथा विकास समितिले पोखरामा चल्ने ट्याक्सीलाई मिटर प्रणालीमा सञ्चालन हुने व्यवस्था मिलाउन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिइएको प्रसङ्गमा समितिका सभापति अर्यालले आफ्नै ताजा दृष्टान्त उक्त कार्यक्रममा सुनाउनुभएको हो ।

गत भदौदेखि पोखरा उपत्यकाभित्र मिटर प्रणालीमा ट्याक्सी सञ्चालन गर्ने निर्णय प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले गरे पनि ट्याक्सी चालकको मनलाग्दी भाडा लिने प्रवृत्ति अझै नरोकिएको उहाँले बताउनुभयो । "मिटर प्रणालीको कुरा गरेको भए ट्याक्सी चालकसँग वादविवाद हुनसक्थ्यो, उनले रु पाँच सय मागे पनि मैले सधैं तिर्ने गरेको रु चार सय तिरेर हिँडे", सभापति अर्यालले भन्नुभयो, "पोखरामा ट्याक्सी भाडाको समस्या पहिलेदेखि कै हो, यो अझै समाधान हुन सकेको छैन, ट्याक्सी व्यवसायमा एकाधिकार जस्तो अवस्था छ ।" पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिने यात्रुले ट्याक्सीलाई चर्को भाडा तिर्नुपरेको गुनासो गरेपछि समितिले यातायात व्यवस्था मन्त्रालयलाई विमानस्थलदेखि राजमार्गसम्म निःशुल्क सटल बस सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्न निर्देशन दिएको उहाँले बताउनुभयो । समितिले अबदेखि ट्याक्सीलगायत यातायात क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रदेश सरकारले गरेका कामकारबाहीको प्रभावकारी अनुगमनसमेत गर्ने सभापति अर्यालले बताउनुभयो । "समितिले सरकार र सम्बन्धित मन्त्रालयलाई निर्देशन मात्र होइन, निर्देशन कार्यान्वयनका लागि दबाव दिन्छ, अनुगमन पनि गर्छ", उहाँले भन्नुभयो । ट्याक्सी भाडामा देखिएको मनोमानीको अन्त्यका लागि आफूले यातायात व्यवस्था मन्त्रीसँग भेटेर पटकपटक छलफल गरेको सभापति अर्यालले बताउनुभयो । गण्डकी प्रदेश सरकारले दुई वर्षअघि समायोजन गरेको भाडादरअनुसार मिटर प्रणालीमा गुड्न तयार भएका ट्याक्सी व्यवसायीले सरकारसँग भएको सहमति उल्लङ्घन गर्दै आएका छन् । विसं २०७८ फागुन १ गतेदेखि लागू हुनेगरी प्रदेश सरकारले भाडादर समायोजन गरे पनि यसअघि मिटरमा नचलेका ट्याक्सी गत भदौ १ गतेदेखि मिटरमा सञ्चालन गर्ने दुईपक्षीय निर्णय भएको थियो । यातायात व्यवस्था मन्त्रालयसँगको छलफलमा ट्याक्सी व्यवसायीले पोखरा उपत्यकाभित्र मिटरमा ट्याक्सी गुडाउने प्रतिबद्धता जनाएका थिए । उक्त छलफलका क्रममा पोखरेली ट्याक्सी सेवा प्रालिका अध्यक्ष प्रकाशमणि तिवारीले आफूहरु मिटरमा हिँड्न तयार रहेको तर सरकारले ट्याक्सी व्यवसायीको मर्का बुझिदिनुपर्ने बताउनुभएको थियो । ट्याक्सी व्यवसायीले बजार महँगी र इन्धनको मूल्यवृद्धिका आधारमा नयाँ भाडादर समायोजन गर्नुपर्ने माग गर्दै आएका छन् । दुई वर्षअघि समायोजन गरेको भाडादरअनुसार १५ किमिको यात्रामा चढ्नासाथ (फ्ल्याग डाउन) रु ८० र त्यपछि प्रति दुई सय मिटरको रु १० तोकिएको छ । पन्ध्र किमिभन्दा बढीको दूरीमा प्रतिकिमी ३७ रुपैयाँ ५० पैसा कायम गरिएको थियो । मन्त्रालयको प्रशासन तथा यातायात व्यवस्थापन महाशाखाका प्रमुख टीकाराम पौडेलले विगतमा प्रतिबद्धता गरेको विषयलाई ट्याक्सी व्यवसायीले लागू गर्नुपर्ने बताउनुभयो । उहाँले अनुगमनका क्रममा मिटर प्रणालीमा नचलेको पाइएका ट्याक्सी चालकलाई कारबाहीसमेत गरिएको बताउनुभयो । ट्याक्सी मिटरमा नहिँड्दा यात्रु ठगिरहेको गुनासो अहिले पनि आइरहेको महाशाखा प्रमुख पौडेलको भनाइ थियो । प्रदेश सरकार र ट्याक्सी व्यवसायीबीच भाडा समायोजनलगायत विषयमा भएका कतिपय समझदारी अझै कार्यान्वयन हुन नसकेको उहाँले बताउनुभयो । प्रतिबद्धतापत्रमा भाडा तिरेको बिल दिनुपर्ने, ट्याक्सीमा जिपिएस जडान गर्नुपर्ने, चालकको छुट्टै पोशाक हुनुपर्नेलगायत उल्लेख छ । यी कुनै पनि शर्त ट्याक्सी व्यवसायीले लागू गर्न सकेका छैनन् । मिटर प्रणालीमा नचल्ने ट्याक्सीको जरिवाना रकमसमेत पहिलेको तुलनामा बढाइएको यातायात व्यवस्था मन्त्रालयले जनाएको छ । सुरुमा न्यूनतम रु दुई हजार एक सयका दरले जरिवाना तिराउने गरिएकामा पछिल्लो समय न्यूनतम जरिवाना रु पाँच हजार पुऱ्याउने निर्णय गरिएको छ । मिटर प्रणालीमा चलाउने ट्याक्सी चालकलाई सवारी ऐनअन्तर्गत कारबाही गर्ने गरिएको ट्राफिक प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

## सिंहदरबार गाउँमा आयो, अधिकार आएन : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**

बागलुङ, १४ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे गाउँगाउँमा सिंहदरबार आए पनि अधिकार आउन नसकेको बताउनुभएको छ ।

आइतबार बागलुङको बडिगाड गाउँपालिकामा आयोजित प्रशासनिक भवन उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले संविधानमा उल्लेख भएअनुसार प्रदेश र स्थानीय तहमा पूर्णरूपमा अधिकार आएको छैन भन्नुभयो ।

सीमित स्रोत साधन हुँदा पनि गण्डकी प्रदेशले प्राथमिकताका आधारमा जनतालाई सेवा सुविधा दिइरहेको मुख्यमन्त्री पाण्डेको भनाइ थियो । उहाँले स्थानीय पालिका घरआँगनको सरकार भएको हुँदा नागरिकको हरेक समस्या बुझ्न र समाधान गर्नतर्फ लाग्नुपर्छ भन्नुभयो । "हामी सङ्घीयताको कार्यान्वयनको चरणमा छौँ, जनताले हामीहरूबाट धेरै अपेक्षा गरेका छन् तर सीमित स्रोत साधान र पूर्ण रूपमा अधिकार आउन नसक्दा नागरिकको जनचाहनाअनुसार काम हुन सकेको छैन, यद्यपि प्रदेश सरकारले धेरै विकास गरेको छ," मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "अब कुनै पनि नागरिक स्वास्थ्य उपचार नपाएर ज्यान गुमाउने पर्ने छैन, गण्डकी सरकारले स्वास्थ्य क्षेत्रमा सुधार गर्दै लगेको छ ।"

मुख्यमन्त्री पाण्डेले गण्डकीमा कोदोको रक्सीलाई 'ब्रान्डेड' बनाउनका लागि गृहकार्य गरिरहेको जानकारी दिनुभयो । विदेशी रक्सी खुलेआम बिक्री हुने तर स्थानीयस्तरमा उत्पादन भए चीजलाई निषेध गर्न नहुने उहाँको भनाइ छ । यस वर्षदेखि प्रदेश सरकारले जनताले खानेपानी महङ्गो हुन्छ भनेर लिफ्टिङ खानेपानी र सिँचाइको विद्युत् महसुल निःशुल्क गरेको उहाँले बताउनुभयो ।

## 'नेपाल अन्तरराष्ट्रिय पर्यटन मेला' जेठ तेस्रो साता

**रासस**

काठमाडौं, १४ माघ

निजी क्षेत्रको आयोजनामा 'नेपाल अन्तरराष्ट्रिय पर्यटन मेला' हुने भएको छ । 'समिट इभेन्ट एन्ड मार्केट'को आयोजनामा नेपालमा रहेका पर्यटकीय गन्तव्यलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने उद्देश्यले पहिलोपटक 'नेपाल अन्तरराष्ट्रिय पर्यटन मेला' आयोजना हुन लागेको हो ।

नेपालको पर्यटन क्षेत्रलाई विश्वव्यापी रूपमा प्रवर्द्धन गर्नका लागि आगामी जेठ १८ र १९ गते मेला आयोजना गर्न लागिएको मेलाका आयोजक विष्णु पाण्डेले जानकारी दिनुभयो । मेलाले नेपालको दिगो पर्यटन विकास र संस्कृति आदानप्रदानमा सहयोग पुऱ्याउने विश्वास आयोजकले लिएको छ । मेलालाई सफल बनाउनका लागि आज पर्यटनसँग सम्बन्धित विभिन्न सङ्घसंस्थाका अध्यक्ष एवं प्रतिनिधिसँग आयोजकले छलफल गरेको छ । छलफलमा नेपाल पर्यटन बोर्डका उपाध्यक्ष चन्द्रप्रसाद रिजालले नेपालको पर्यटन क्षेत्रलाई अन्तरराष्ट्रियस्तरमा प्रचारप्रसार गर्न मेलाले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । मेलामा विदेशी कक्षसहित नेपालका सातै प्रदेशका प्रदेशअनुसार कक्ष रहने छन् । भृकुटीमण्डपमा हुने उक्त मेलामा एक सय २५ भन्दा बढी कक्ष रहने अर्का आयोजक शिशिर खनालले जानकारी दिनुभयो । मेलामा राखिने कक्षका लागि छिमेकी मुलुक भारत र चीनसहित माल्दिभ्स, मलेसिया, बङ्गलादेश र थाइल्यान्डले कक्ष बुकिङ गरिसकेको आयोजकले जनाएको छ ।

मेलामा विभिन्न देशका दुई सयभन्दा बढी विदेशी पर्यटन कम्पनीको सहभागिता रहने बताइएको छ । छलफलमा नेपाल एसोसिएसन टुर्स एन्ड ट्राभल्स एजेन्ट (नाट्टा) का पूर्वअध्यक्ष अच्युत गुरागाईं, महासचिव कुमारमणि थपलिया, ठमेल पर्यटन विकास परिषद्का पूर्वअध्यक्ष डा रामशरण थपलिया, टुरिष्ट बस एसोसिएसन अफ नेपालका अध्यक्ष कृष्ण आचार्य, रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) का उपाध्यक्ष सङ्घर्ष विष्ट, ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष सहदेव धमलालगायत विभिन्न सङ्घसंस्थाका अध्यक्ष एवं प्रतिनिधिको सहभागिता थियो ।

## इभी गाडीमा प्रयोगकर्ताको आकर्षण बढ्दा राज्यको प्रोत्साहन बढेन

**पोखरापत्र संवाददाता**

पोखरा, १४ माघ

इलेक्ट्रोनिक गाडिको प्रयोगले देशमै उत्पादन भएको विद्युत खपत भै इन्धनबाट बाहिरिने पूँजी रोकिने भएकाले इभी गाडीको प्रयोगलाई सरकारले सहुलियत दिनुपर्ने सरोकारवालाहरुले बताएका छन् ।

स्वदेशी पुँजीलाई विदेशीनबाट जोगाउने भएकाले राज्यले इभी प्रयोगकर्ता लाई प्रोत्साहन गर्नुपर्ने पोखरामा आयोजित एक अन्तक्रिया कार्यक्रममा सहभागीहरुले बताएका हुन् । सार्वजनिक यातायातको क्षेत्रका प्रवुद्ध समुहको आयोजनामा वर्तमान अवस्थामा 'विद्युतीय गाडीको प्रवेश र चुनौती राष्ट्रिय हितमा विद्युतीय गाडी या इन्धन गाडि' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले राज्यले इभी प्रति लगानीमैत्री नीति लिएर उपभोक्तालाई प्रोत्साहन गर्न सके राष्ट्रिय हितमा हुने विचार राखेका हुन् ।

नेकपा एमालेकी नेतृ तथा प्रतिनिधि सभा सदस्य विद्या भट्टराइले इभी गाडीको प्रयोगले वातावरण र अर्थतन्त्रलाई समान रुपमा फाइदा रहेकाले यसको प्रयोगमा जोड दिनुपर्ने बताइन । "अहिले क्ल्याइमेट क्राइसिसको अवस्था छ, इभी गाडीहरुले वातावरणलाई पनि असर नगर्ने भएकाले यसको प्रयोगमा सहजता



ल्याउँदै सरकारले स्वदेशी पुँजी संरक्षणकाभ लागि प्रयासको थालनी गर्नुपर्छ" उनले भनिन् । "अहिले इभिको व्यापक चर्चा भइरहेको छ । यसका फाइदा वेफाइदाको विषयमा पनि कुरा उठिरहेको छ । यसको गहन अध्ययनसँगै दीर्घकालिन फाइदा हुने गरी नीति नियम खाँचो देखियो, म पनि अध्ययन गरेर सकारात्मक पहल गर्ने छु । "


कार्यक्रममा अर्को प्रतिनिधि सभा सदस्य शिव नेपालीले वर्तमान समयमा इभिको प्रयोग राष्ट्रिय हितका लागि भएकाले यसमा राज्यले ध्यान दिनुपर्ने विषयमा आफुले संसदमा कुरा उठाउने बताए । नेपाल यातायात व्यवसायी महासंघका केन्द्रिय सचिव भानु बरालले पुराना गाडिको व्यवस्थापन गरेर इभि प्रयोगका लागि सरकारले गर्नुपर्ने प्रयास पर्याप्त नभएको बताए । उनले भने 'सबै तवरले इभि गाडि उपयुक्त छ, तर सरकारले लगानीमैत्री वातावरण तयार गर्ने स्पष्ट नीति ल्याउन सकेको छैन ।' देशको पुँजी बजार संकटको अवस्थामा रहेको जनाउँदै देशको आर्थिक समृद्धिका लागि इभिको प्रयोग आजको आवश्यता भएको उनको भनाइ थियो ।

जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रमुख भानु शर्माले पुराना इन्धनवाला गाडि भन्दा पछिल्लो समय बजारमा आएका इभीमा प्रविधिको प्रयोग भएकाले ट्राफिक व्यवस्थापनमा पनि सहजता हुनुका साथै दुर्घटना पछिको अनुसन्धानमा पनि सहयोग पुग्न सक्ने विश्वास व्यक्त गरे । उनले हरेक नागरिकको स्वस्छ वातावरणमा बाँच्न पाउने अधिकार भएकाले इभीको प्रयोग वातावरणमैत्री र स्वास्थ्यका दृष्टिले पनि उपयुक्त रहेको धारणा राखे । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ इभी वातावरणमैत्री भएकाले पर्यटकीय सहरहरुमा यसको प्रयोगमा जोड दिनुपर्ने बताए उनले लगानी कर्तालाई प्रोत्साहन हुने नीति ल्याउने सके इभिको प्रयोग सकारात्मक परिवर्तन ल्याउने भनाइ राखे ।

पृथ्वी राजमार्ग यातायाता प्रालिका अध्यक्ष योगेन्द्र बहादुर केसीले इभि गाडि प्रति यातायात व्यवसायी निकै सकारात्मक रहेको र यसको सन्दर्भमा कर, आयात, भन्सारसँगै लगानीमैत्री नीति निर्माण आवश्यक भएको बताए । प्लगइन अटोमोबाइल्स प्रालिका अध्यक्ष प्रकटकुमारले विश्व बजारमा नै पछिल्लो समय इभिको प्रयोगमा मानवीय रुचि बढेको जनाउँदै नेपालजस्तो मुलुकका यसको प्रयोगले राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने धारणा राखे । नेपालमा इभीप्रति उपभोक्ताको आकर्षण व्यापक छ तर सरकारले बेला बेला कर बढाउने र त्यसको अभ्यासले अन्योल सिर्जना भएको छ, उनले भने ।

कार्यक्रममा नेपाल यातायात राष्ट्रिय व्यवसायी महासंघ गण्डकी प्रदेश संयोजक केदार पौडेल केसी, पश्चिमाञ्चल अटो मोबाइल्स डिलर एशोसिएशनका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठ, पोखरा उद्योग बाणिज्य संघको अध्यक्ष पवन प्रजापति लगायतले इभि गाडि समयको माग भएको जनाउँदै

बाँकी अन्तिम पृष्ठमा ▶▶

# डिफेण्डिङ च्याम्पियन संकटालाई स्तव्ध पार्दै आर्मी सेमिफाइनलमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ



डिफेण्डिङ च्याम्पियन संकटा क्लवलाई स्तब्ध पार्दै विभागिय टोली त्रिभुवन आर्मी क्लव पोखरामा जारी २३ औं संस्करणको आहा रारा पोखरा गोल्ड कपको सेमिफाइनलमा प्रवेश गरेको छ । पोखरा रंगशालामा आइतबार भएको दोश्रो क्वाटरफाइनल खेलमा खेलमा आर्मीले संकटा माथि ३-० को गोल अन्तरले स्तब्ध पार्दै अन्तिम चारमा स्थान बनाएको हो ।

आर्मीको जितमा जिलेस्पीजंग कार्कीको एक र दिनेश हेमजनले दुई गोलको योगदान दिनु भयो । पहिलो हाफको अन्तिम समय अर्थात ४५ औं मिनेटमा भरत खबासको पासमा कार्कीले हेट मार्फत गोल गरी टिमलाई अग्रता दिलाउनु भयो । त्यसै गरी खेलको ४८ औं मिनेटमा संकटाका कुलदीप कार्कीको ह्याण्ड भएसँगै पाएको पेनाल्टीको अवसरलाई आर्मीले सदुपयोग गर्न सफल भयो । आर्मीका हेमजनले पेनाल्टी मार्फत गोल गरी टिमलाई जित सुनिश्चित पार्नु भयो । खेलको ७६ औं मिनेटमा कार्कीको पासमा हेमजनले उत्कृष्ट गोल गरी गोल अन्तर फराकिलो पार्नु भयो । आर्मीका हेमजन खेलमा म्यान अफ दी म्याच घोषित हुनु भएको छ । उहाँलाई ट्रफीको साथमा नगद दश हजार प्राप्त गर्नु भयो । आहा रारा पोखरा गोल्ड कपको इतिहासमा फाइनलमा पुगेर पनि उपाधि जित्न नसकेको आर्मीले यसपाली उपाधि जित्ने लक्ष्य राखेको छ । समुह बीमा रहेको आर्मीले यही माघ १६ गते हुने नेपाल पुलिस क्लव र चर्च ब्वाइज क्लवको विजेतासंग यही माघ १८ गते दोश्रो सेमिफाइनल खेलमा भिड्ने भएको छ । शनिबार भएको खेलमा समुह एमा रहेको थ्री स्टार क्लवले पाहुना टोली भुटानको पारो एफसीलाई अतिरिक्त समयको सहायताबाट २–० को गोल अन्तरले पराजित गरि सेमिफाइनलमा यात्रा बनाएको छ । यसैबिच, सोमबार जाउला खेल युथ क्लव र मनाङ मर्याङ दी क्लव बिचको क्वाटरफाइनल खेल हुने भएको सहारा क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो । १२ टिम सहभागि भएको प्रतियोगिता यही माघ २० गतेसम्म पोखरा रंगशालामा संचालन हुदै छ ।

उक्त अवसरमा दर्शकलाई आकर्षण गर्न फ्यान अफ दी म्याच समेत घोषणा सहित नगद ५ हजारले पुरस्कृत गरिएको छ । उक्त प्रतियोगितामा फुटबल अवलोकन गर्ने दर्शकहरु मध्यबाट विभिन्न ढंगले शैलिब्रेशन गर्ने व्यक्तिहरुलाई सम्मान गर्न लागिएको हो । नेपाल फोटो पत्रकार संघ कास्कीले यसमा समन्वय गरेको संघका अध्यक्ष दुर्गाप्रसाद पौडेलले बताउनु भयो ।

# बजाजले ल्यायो नगद छुट योजना

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

बजाज मोटरसाइकलले ल्याएको छ नयाँ अफर योजना अन्तर्गत कुनै पनि बाइक खरिदमा ७ हजार नगद छुटको व्यवस्था गरेको छ ।

यस्तै इच्छाशक्ति अटोमोबाइल्स नयाँबजार पोखराले जुनसुकै बाइकसँग साटफेर गर्दा, फाइन्स वा नगदमा लिए पनि यो सुविधाको व्यवस्था गरेको छ । यस्तै ५० प्रतिशत



डाउन पेमेन्टमा शुन्य प्रतिशत ब्याजदरमा मोटरसाइकल खरिद गर्न सकिने व्यवस्था समेत गरेको छ । एक वर्षको कर छुट, पाँच वर्षको इन्जिन वारेन्टी, एक वर्ष ब्याट्री ग्यारेन्टीलगायतका अफरहरु रहेका छन् ।

एक्सचेन्ज गर्न आउने ग्राहकका लागि भ्यालुएसन बाहेक थप सात हजारसँगै हेलमेट, लेगगार्ड, ब्याग र किरिङ प्रदान गरिनेछ । साथै ग्राहकलाई बजाजको बाइक टेष्टराईड गरेवापत फ्रि गिफ्ट हेम्पर पाईने व्यवस्था गरेको व्यवस्थापक भगवान विजुक्छेले जानकारी दिए ।

# पोखरा २२ मा युवा भेला सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

योङ्ग कम्युनिस्ट लिग( वाईसिएल) एवम अनेरास्ववियु क्रान्तिकारी युवा संगठनलाई सामाजिक मुद्धा उठाउन आग्रह गरिएको छ ।

योङ्ग कम्युनिस्ट लिग (वाईसिएल) एवम अनेर स्वविय क्रान्तिकारी पोखरा २२ को युवा भेलाको अवसरमा वोल्ने वक्ताहरुले समाजमा धेरै वेतिथी भएको र सरकारबाट हुने विकास निर्माणमा ढिला सुस्ती भएकोले उक्त कार्यलाई छिटो गर्न खबरदारी गर्न आग्रह गरिएको थियो । नेपाल कम्युनिस्ट पार्टी माओबादि केन्द्रका केन्द्रिय सदस्य एवम,गण्डकी प्रदेशका पूर्व अर्थमन्त्री राम्जी प्रसाद बराल (जिबन) उक्त कार्यक्रमको उद्घाटन गर्दै युवा संगठनहरु समाजको नमुना भएर काम गर्न आग्रह गर्नु भयो । उक्त युवा भेला कार्यक्रम को अध्यक्षता योङ्ग कम्युनिस्ट लिग पोखरा २२ का निर्बतमान अध्यक्ष हेमराज बराल रहनु भएको थियो । कार्यक्रम सन्चालन सुदिप बराल ले गर्नु भएको थियो । भेला बाट अनेरास्वविय्यु क्रान्तिकारी पोमानपा(२२ को प्रथम अधिवेशनबाट सुदिप बराल को नेतृत्व मा कार्यसमिति गठन भयो भने, सनत कुमार बराल को नेतृत्वमा योङ्ग कम्युनिस्ट लिल (वाईसिएल) पोखरा २२ को कार्यसमिति गठन भएको छ। उक्त भेलामा नेपाल कम्युनिस्ट पार्टी माओबादि केन्द्रका केन्द्रिय सदस्य एवम, गण्डकी प्रदेशका पूर्व अर्थमन्त्री राम्जी प्रसाद बराल(जिबन) ले आगामी दिनहरुमा युवाहरु लाइ सक्षत बनाएर युवा लिडर एवम् एटा होनहार खेलाडी बनाउन आर्थिक एवम् भौतिक सहयोग सदैव दिने प्रतिबद्दता व्यक्त गर्दै कार्यक्रमको सफलताको शुभकामना सहित आफ्ना भनाइ राखेको कार्यक्रम संयोजक सुदिप बरालले जानकारी दिनुभयो

# नवप्रर्वतनलाई जोड दिँदै आविष्कार केन्द्र

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

अनुसन्धान, अन्वेषण तथा आविष्कारका गतिविधि प्रवर्द्धन गर्दै शिक्षण, अनुसन्धान र समुदायमा आधारित जीवनोपयोगी अनुसन्धान कार्य गर्ने उद्देश्यले गण्डकी विश्वविद्यालयले आविष्कार केन्द्रमार्फत आफ्ना गतिविधि बढाएको छ ।

विश्वविद्यालयले सन् २०२१ मा अनुसन्धान केन्द्र, आविष्कार र आविष्कार केन्द्र (आरसी-आइआई) स्थापना गर्दै समयसापेक्ष नयाँ प्रविधि तथा नवप्रर्वतनलाई जोड दिँदै सैद्धान्तिक ज्ञानलाई अनुसन्धान, अन्वेषण तथा आविष्कारसँग जोडेको विश्वविद्यालयका रजिष्ट्रार डा कैलाश तिमल्सिनाले जानकारी दिनुभयो ।

विश्वविद्यालयले नियमित विद्यार्थीलाई मात्र नभई पारिवारिक तथा अन्य कारणले पठनपाठनलाई नियमित गर्न नसकेकाहरुलाई समयानुकूल तालिम तथा सीपअनुसारको आविष्कार गर्न यथाशक्य सहयोग पुर्‍याउने उद्देश्य राखेको उहाँले बताउनुभयो ।

केन्द्रमा हालसम्म आठवटा मेसिन तथा केही बहुकार्यात्मक औजार उत्पादन भएको जानकारी दिँदै उहाँले यसको प्रयोगबाट कृषि, स्वास्थ्य, सूचना प्रविधिजस्ता विषयसँग सम्बन्धित आधुनिक उपकरण तथा औजार विकास गर्न सकिने बताउनुभयो । केन्द्रमा घाँस टुक्र्याउने, गोबर पेल्ने, कोदो प्रशोधन गर्ने औजार, सोलार ड्रायर, दाउरा चिर्ने, अदुवा प्रशोधन गर्ने उपकरण निर्माण भइसकेका छन् । यसका लागि राष्ट्रिय आविष्कार केन्द्रले पनि विश्वविद्यालयसँगको सम्झौतामा आधारित भई प्राविधिक सहयोग गरेको रजिष्ट्रार तिमल्सिनाले जानकारी दिनुभयो । केन्द्रमा पेट्रोल स्कुटरलाई विद्युतीय स्कुटरमा परिवर्तन गरी प्रयोगमा ल्याइसकिएको छ ।

केन्द्रमा अन्य मेसिन पनि निर्माणको प्रक्रियामा रहेको उल्लेख गर्दै तिमल्सिनाले प्रदेश सरकारको प्राथमिकतामा रहेको बाँदर धपाउने मेसिनको निर्माणका लागि ड्रोन प्रयोग गरी बाँदर धपाउने प्रविधिको विकास सुरु गरिएको बताउनुभयो ।

# बिबिवाइसी फुटसलमा डोना एफसी च्याम्पियन, विनय बने सर्वोत्कृष्ट

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

विन्ध्यवासिनी बसपार्क युथ क्लबद्वारा आयोजित प्रथम बिबिवाइसी एमेच्योर फुटसल प्रतियोगितामा डोना एफसी च्याम्पियन बनेको छ ।

पोखरा महानगरपालिका ४ स्थित बिफिट फुटसलमा शनिबार भएको फाइनल खेलमा नदीपुर टिम 'बि' लाई टाईब्रेकरमा ४–३ गोल अन्तरले पराजित गर्दै डोना एफसी च्याम्पियन बनेको हो ।

निर्धारित समयमा दुवै टिमबाट गोल हुन नसकेपछि खेल टाइब्रेकरमा पुगेको थियो ।

च्याम्पियन बनेसँगै डोना एफसीले ५५ हजार ५ सय रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो । यस्तै उपविजेता टिमले २७ हजार ७ सय ७७ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्यो । खेल संयोजक विकास साईका




अनुसार सो प्रतियोगिताबाट डोना एफसीका विनय तामाङ सर्वोत्कृष्ट खेलाडीका रुपमा पुरस्कृत भए । यस्तै सोही टिमकै मुमिन तामाङ उत्कृष्ट गोलरक्षक र नदीपुर टिम 'बि' का आशिष गुरुङले प्रतियोगिता अवधिभर १० गोल गोल गर्दै सर्वाधिक गोलकर्ताका रुपमा पुरस्कृत भए । कुल २८ टिमको सहभागिताबाट विजेता तथा उपविजेता बनेका टोलीलाई समापन समारोहका प्रमुख अतिथि पोखरा महानगरका २ का वडाध्यक्ष दिवसमान प्रधानांग, नेपाल राष्ट्रिय खड्की समाजका अध्यक्ष हर्कमान साई, ज्ञानुबाबा माविका सञ्चालक कृष्ण बहादुर गुरुङ र शुभकन्या गुरुङ तथा आयोजक संस्थाका अध्यक्ष रुपेश साई लगायतले पुरस्कार वितरण गरेका थिए ।

# ५६ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

माफठाना पोखरा सम्पर्क समाजको नवौ बार्षिकोत्सवको अवसरमा आयोजित बृहत रक्तदान कार्यक्रम ५६ युनिट रगत संकलन भएको छ । अमर सिहचोकमा आयोजित खुल्ला रक्तदान कार्यक्रममा सो रगत संकलन भएको हो ।

नेपाल रेडक्रस सोसाईटी रामघाटको प्राविधिक सयोगमा भएको कार्यक्रमको समाजका सल्लाहकार प्रा.डा. निर्मल लामिछाने र पोखरा २८ का वडाअध्यक्ष श्रीकृष्ण लामिछानेले रक्तदातालाई ब्लडव्याग हस्तान्तरण गरेर कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो ।

रक्तदान जीवनदान भन्ने नाराका साथ आयोजित कार्यक्रमका सहभागि रक्तदातालाई समाजका सल्लाहकार, पदाधिकारी लगायत समाजिक एवम् शिक्षाप्रेमीहरुबाट प्रमाणपत्र वितरण गरिएको थियो ।

माफठानालाई जन्मभूमि भई पोखरामा विभिन्न पेशा व्यवसायमा संलग्नहरुको सो संस्थाले आफ्ना सदस्यहरुको हक अधिकारको सुरक्षित गर्दै सामाजिक, शैक्षिक एवम् स्वास्थ्य लगायतका क्षेत्र काम गर्दै आएको समाजका अध्यक्ष भोला ओफाले जानकारी दिनुभयो ।

# इभी गाडी ...

कानुनी अड्चन हटाएर सहज वातावरणका लागि आवश्यक नीतिको खाँचो औल्याए । कार्यक्रममा सहभागीहरुले वर्तमान अवस्थामा इलेक्ट्रोनिक गाडिका फाइदा र वेफाइदाका विषयमा पुजा कन्स्ट्रक्सन नेपाल प्रालिका इभि डिभिजन विजिनेस हेड ज्ञान प्रसाद शर्माले स्पष्ट पारेका थिए भने सर्भिस इन्जिनियर नजाम द्वारा इभि प्रयोगबारे प्रस्तुती राखेका थिए ।

सो अवसरमा प्रदुषण रहित आरामदायी सुविधायुक्त विद्युतीय सवारीसाधन ११ सिटे १४-१६ सिटे, २१ -२५ सिटे एसआरएम र स्काइवेलको इभी भ्यानको लागि आधिकारिक विक्रेता प्लगइन अटोमोबाइल्सको सोरुम उद्घाटन गरिएको थियो । एसआरएम र स्काइवेलका इभी भ्यानहरु बिक्रीवितरणका लागि सुविधासम्पन्न सोरुम सञ्चालनमा ल्याइएको प्लगइनका प्रवन्ध निर्देशक ओम उपाध्यायले जानकारी दिए । नेपाल सरकारले ३ वर्ष अघि देखि प्रभावकारी रुपमा प्रदुषण रहित सवारी संचालनमा जोड दिदै भौतिक योजना तथा यातायात मन्त्रालय जनसंख्या तथा वातावरण मन्त्रालय, स्वास्थ्य मन्त्रालय समेतबाट पहल गरी चालु आर्थिक वर्षमा विद्युतीय सवारीसाधन संचालन व्यवस्थापनमा बजेट वक्तव्य मार्फत नितिगत निर्णय गरेको थियो ।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।
सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सस्वा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनावारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०४, ९८०६५५९७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# संघीयतालाई गिज्याउने लुटतन्त्र

प्रदेश सरकार खर्चिलो भएको भन्दै जनस्तरबाट विरोध भएको बेला कोशी प्रदेश सरकारले सत्तागठबन्धनका नेता रिझाउन सुबिधा थपेको छ । कानुनी शासनको कुरा गर्ने काङ्गेसका मुख्यमन्त्रीले अध्यादेश ल्याएर प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको सेवासम्बन्धी ऐन २०७५ संशोधन गरेका छन । गठबन्धन जोगाउन र नेतालाई रिझाउन अध्यादेश ल्याएर सुबिधा दिने काम अनुचित र अनैतिक हो। प्रदेशसभाका गठबन्धनका संसदीय दलका नेता र सचेतकलाई गाडीलगायतको सुविधाका लागि मुख्यमन्त्री केदार कार्कीले अध्यादेशमार्फत् उक्त ऐन संशोधन गरेका छन ।

अध्यादेशबाट ऐन संशोधन भएपछि अब एकजनामात्र सांसद रहेको जसपाकी निर्मला लिम्बूको पनि सुविधा थपिएको छ । ऐन संशोधनसँगै पूर्वमुख्यमन्त्रीहरू उद्धव थापा र राजेन्द्र राईको सुविधा पनि सुरक्षित भएको छ । यस्तै सत्तारुढ दलका सचेतकहरूलाई पनि गाडी सुविधा दिइने गरी ऐन संशोधन गरिएको छ । माघ ६ गते मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखले अध्यादेशमार्फत पारिश्रमिक तथा सेवा सुविधासम्बन्धी ऐन संशोधन गरेका छन।नेपाली जनताले तिरेको करको दुरुपयोग गर्दै यो सुबिधा दिनु लुटको धनमा फुपूको श्राद्ध जस्तै हो ।

ऐनले पदाधिकारी भन्नाले सभामुख, उपसभामुख, सत्ता पक्ष र प्रतिपक्षी दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक र संसदीय समितिका सभापतिलाई परिभाषित गरेको थियो । प्रदेशसभाको पहिलो कार्यकालमा नेकपा एमालेका शेरधन राई, भीम आचार्य र नेकपा एकीकृत समाजवादीका राजेन्द्र राई मुख्यमन्त्री थिए । दोस्रो कार्यकालको एक वर्षमै एमालेका हिक्मतकुमार कार्की, कांग्रेसका उद्धव थापा र हालका केदार कार्कीसमेत तीनजना भइसकेका छन् । पूर्वमुख्यमन्त्रीको हैसियतमा रहेका शेरधन राई र भीम आचार्यले सुविधा पाउने छैनन् । अध्यादेशबाट गठबन्धन दलका थप तीनजनाले सुविधा पाउने भएका छन् । यसअघिको ऐनअनुसार सुविधा पाउनबाट वञ्चित कांग्रेस संसदीय दलका नेतासमेत रहेका पूर्वमुख्यमन्त्री उद्धव थापा र नेकपा एस संसदीय दलका नेता राजेन्द्र राईलाई सुविधाको बाटो खुलेको छ ।

सत्ता गठबन्धनमा रहेका दलमध्ये अहिलेसम्म कांग्रेसको मात्र प्रमुख सचेतक छन् । सचेतक तोक्न बाँकी छ । यस्तै माओवादीले पनि प्रमुख सचेतक र सचेतक तोकेको छैन । नेकपा एसले पनि प्रमुख सचेतक र सचेतक तोक्न बाँकी छ। सेवा सुविधा थपिएसँगै गठबन्धन दलले यी पदहरूमा नियुक्तिको तयारी गरेको सम्बन्धित दलनिकट स्रोतले बतायो । नेताका लागि सरकारले सेवा सुविधा दिने कुरा लाजमर्दो विषय भएको भन्दै प्रमुख प्रतिपक्षी एमालेले यसको विरोध गरेको छ । कोशीका पूर्वमुख्यमन्त्री तथा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले नेताका सेवा सुविधाका लागि कानून नबनाई अध्यादेशबाट ऐन संशोधन गर्नु लाजमर्दो भएको बताए । 'संसद् अन्त्य गरेर कुनै कानून नबनाई अध्यादेशबाट सेवा सुविधाका लागि ऐन संशोधन गर्नु लाजमर्दो कुरा हो । आर्थिक भार थप्ने यो निर्णयले संघीयता कमजोर पार्नेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वस्थ्यमा सुधार | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धमा

यस मिसन टु हिमालय प्याराग्लाइडिङ्ग प्रा.लि.को मिति २०८०/०६/२५ मा सम्पन्न वार्षिक विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पन्नी (मिसन टु हिमालय प्याराग्लाइडिङ्ग प्रा.लि.(Mission To Himalaya Paragliding Pvt. Ltd.) को नाम परिवर्तन गरि (युनिभर्सल प्याराग्लाईडिङ्ग प्रा.लि. (Universal Paragliding Pvt. Ltd.) नाम परिवर्तन गरिएको छ । (मिसन टु हिमालय प्याराग्लाइडिङ्ग प्रा.लि. (Mission To Himalaya Paragliding Pvt. Ltd.) नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम (युनिभर्सल प्याराग्लाईडिङ्ग प्रा.लि. (Universal Paragliding Pvt. Ltd.) को कम्पनीले सकार्ने व्यहोर्ने समेत सम्वन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

# नाटक '१२ दुर्वासा' को मञ्चन सकियो

**पोखरापत्र संवाददाता**
पोखरा, १४ माघ

नाटक '१२ दुर्वासा' को मञ्चन सकिएको छ। गत पुष २६ गतेबाट सुरु भएको यो नाटक १९ सो मार्फत मञ्चन भएको पोखरा थिएटरले जनाएको छ।

यस अगाडि मञ्चन भएका नाटक भन्दा केही फरक स्वाद भएको कारण नाटक हेर्न गन्धर्व नाटकघरमा पुगेका दर्शकलाई रुचिकर बन्यो । दर्शक मात्र नभएर नाटकमा अभिनय गरेका कलाकार समेतले यो नाटकबाट भिन्न खालको अनुभव सगाल्न पाएकोमा उत्साहित थिए।

सबैजनाको मेहनतका कारण नाटक मञ्चन सफल भएको भन्दै पोखरा थिएटरका संस्थापक सदस्य दीलप्रसाद गुरुङले सबैप्रति आभार व्यक्त गरेका छन् । थिएटरका अध्यक्ष परिवर्तनको निर्देशनमा तयार भएको नाटकमा उनी सहित १३ जना कलाकारले अभिनय गरेका थिए । यसरी अभिनय गर्ने रमेश बाबु तिमल्सिना, अनुषा परियार, रविन्द्र मल्ल, सुसन पौडेल, रोशनी रामदाम, धनकाजी श्रेष्ठ, अञ्जु दाहाल, गोपाल भुषाल, राजेन्द्र अधिकारी, मनोज अदित्य, दिप्सना विश्वकर्मा र रोहित पौडेल थिए । अमेरिकन नाटककार रेग्नाल्ड रोजले लेखेको यस नाटकको नेपाली अनुवाद सुरेश सापकोटाले गरेका थिए । यस नाटकको लागि पोखरा थिएटरको गन्धर्व नाटकघरमा 'ट्राभर्स स्टेज' निर्माण गरिएको कारण समेत दर्शकले नौलो अनुभव समेत लिन पाए । यस्तो स्टेजको प्रयोग गन्धर्व नाटकघरमा पहिलो भएको संस्थापक सदस्य गुरुङले बताए । 'टुबेल एङ्ग्री म्यान'को नेपाली रुपान्तरण रहेको नाटकमा छोराले बुबालाई मारेको हो होइन भन्ने विषयमा केन्द्रीत रहेको थियो । यो विषयमा अदालतलाई निर्णय गर्न गाह्रो भएपछि फरक-फरक पृष्ठभूमिका १२ जनालाई छलफल गरी निर्णय गर्न लगाइन्छ । उनीहरुको विचारमा देखिने विविधता र सर्घष नै नाटकको विषयवस्तु थियो । यो विषयवस्तुलाई प्रभावकारी बनाउदै निष्कर्षमा पुगन् कलाकारले गरेको अभिनयात्मक बहस तारिफयोग्य थियो । उनीहरूको रोचक बहसले दर्शकलाई एकटकले स्टेजतर्फ ध्यान तान्न सफल भएको थियो ।

सन् २०५४ मा टेलि प्ले (टेलिभिजन सिरिज) का रुपमा रेग्नाल्डले यो नाटक लेखेका थिए । पछि सन् १९५७ मा फिल्म निर्माण भयो । त्यसपछि यो विश्वव्यापी रुपमा झनै चर्चित बन्यो । विश्वका विभिन्न भाषामा यसको फिल्म नाटक निर्माण भएका छन् । यो नाटकले वर्गीय,जातिय, क्षेत्रिय, लैङ्गीक समाजको चित्रण गरेको थियो । लगातार विद्यार्थी केन्द्रीत नाटक मञ्चन भइरहेकोसमयमा त्यसभन्दा भिन्न खालको स्वाद पस्कन गरेको प्रयास सफल भएको निर्देशक समेत रहेका पोखरा थिएटरका अध्यक्ष परिवर्तनले बताए । यो नाटकबाट उनी अभिनयको क्षेत्रमा समेत पुनः फर्किएका थिए । नाटक मञ्चनलाई भव्य बनाउन सहयोग गर्ने सबैप्रति उनले आभार समेत व्यक्त गरेका छन् ।

# देश दर्शन गर्दै ब्रह्माण्डीय महायज्ञको मौलो

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ माघ

'अनन्तश्री ब्रह्माण्डीय महायज्ञ'को ३१ फिट अग्लो मौलोलाई देश दर्शन गराइएको छ।

यसअन्तर्गत मौलोको आजको विश्रामस्थल चितवनको गजेन्द्रमोक्षदिव्य धाम, देवघाट त्रिवेणी हुनेछ । बागलुङको प्रसिद्ध पञ्चकोटधाममा आयोजित महायज्ञको प्रचारसँगै सो महायज्ञमा देशैभरिबाट निमन्त्रणा दिनका लागि मौलो र कलशसहितको राष्ट्रव्यापी यात्रा सुरु भएको हो ।

यही माघ ७ गते एकादशीका दिन पञ्चकोटबाट सुरु भएको सो मौलो र मुख्य कलशसहितको यात्रा विभिन्न जिल्लामा पुगेको छ ।

## भेला सम्बन्धि जरुरी सूचना

गण्डकी प्रदेश ई. स्पोट खेलको बिकासका लागि प्रदेश खेलकुद विकास ऐन २०७७ र प्रदेश खेलकुद विकास नियामावली २०७९ अनुसार प्रदेश स्तरिय समिति गठन गर्नुपर्ने भएकोले तपसिल मिति, समय र स्थानमा गण्डकी प्रदेशका सम्पुर्ण खेलाडी तथा खेल प्रेमीहरुलाई उपस्थितिका लागि यसै सूचना मार्फत सूचित गरिन्छ ।

**मिति** : २०८० माघ १७ गते बुधबार
**समय**: बिहान ९:०० बजे
**स्थान**: प्रदेश खेलकुद परिषद् गण्डकीको सभाहल
**सम्पर्क** : विनोद बराल ९८५६०३०५१०

# ऋण चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति २०८०/१०/१५)**

यस जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखराका तपाईं तपशिलको ऋणी सदस्यले यस संस्थाबाट विभिन्न प्रयोजनको लागि ऋण सुविधा लिएर संस्थासँग गर्नु भएको सम्झौता एवम् तमसुकको शर्त बमोजिमको तोकिएको समयावधिभित्र ऋणको साँवा व्याज नबुझाई ऋण सम्झौताका शर्तहरु उल्लङ्घन गर्नु भएको तथा पटकपटक लिखितम तथा मौखिक तरताकेता गर्दा समेत ऋण चुक्ता गर्न तर्फ कुनै चासो नदेखाएकोले ३५ दिने अत्यन्तै जरुरी सार्वजनिक सूचना प्रकाशित गरिएक ो छ। यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र उक्त ऋणको साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम चुक्ता भुक्तान गर्नुहुन अनुरोध छ। उल्लेखित मिति भित्रमा संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण ऋण, व्याज, हर्जाना तथा अन्य लेना रकम समेत चुक्ता नभएमा यस संस्थालाई ऋण सुरक्षण वापत लेखिदिनु भएको तपशिलको चल/अचल सम्पत्ति प्रचलित ऐन कानुन तथा विद्यमान सहकारी ऐन नियमावली तथा संस्थाको बिनियिम एवं नीति नियमावली बमोजिम धितो लिलाम बिक्री गरी सोबाट आफ्नो सम्पूर्ण लेना रकम असुल उपर नभएमा यहाँको अन्य चल/अचल सम्पत्ति तथा यहाँको परिवार एवं ऋण जमानतकर्ताको चल/अचल श्रीसम्पत्तिबाट समेत संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने गराउने व्यहोरा जानकारी समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

**तपसील**

| क.स | ऋणीको नाम थर ठेगाना | | जमानी बस्नेको नाम थर ठेगाना | | धितो सुरक्षण विवरण |
|---|---|---|---|---|---|
| १ | ऋणीको नाम : खिमलाल बराल कास्की<br>ना प्र. प.नं.: १४४२२४ कास्की<br>बुवाः नन्दलाल बराल<br>पति/पत्नी : बिष्णुमाया पौडेल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगानाः हाल पो.म.न.पा -१७ छोरेपाटन |  | धनजमानत कर्ताको नाम : बिष्णुमाया पौडेल बराल<br>ना प्र. प.नं.: ५३८९६ कास्की<br>बुवा : मेघनाथ पौडेल<br>पति/पत्नी : खिमलाल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगानाः हाल पो.म.न.पा-१७ छोरेपाटन |  | ठेगाना :<br>जामुने- ८ तनहुँ<br>कित्ता नं.: ३९ र ४४<br>क्षेत्रफलः ३-१४-०-०,<br>१-१४-३-० |
| | | | धनजमानत कर्ताको नामः सन्देश बराल<br>ना प्र.प.नं.: ४६०१७४/००७९३ कास्की<br>बुवा : खिमलाल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगानाःहाल पो.म.न.पा-१७ छोरेपाटन |  | |
| २ | ऋणीको नाम : शिब बहादुर पोखेल<br>ना प्र. प.नं.: ४९४७३ कास्की<br>बुवा : उदय बहादुर पोखेल<br>पति/पत्नी : पार्बती पोखेल<br>ससुरा/बाजे : दण्डपाणी पोखेल<br>ठेगानाः हाल पो.म.न.पा-१७ बिरौटा |  | ऋणीको नाम : पार्बती पोखेल<br>ना प्र. प.न.: ५७२४४ कास्की<br>बुवा : चन्द्र बहादुर खत्री<br>पति/पत्नी : शिब बहादुर पोखेल<br>ससुरा/बाजे : उदय बहादुर पोखेल<br>ठेगानाः हाल पो.म.न.पा-१७ बिरौटा |  | ठेगाना :<br>कृस्ती नाच्नेचौर-३, कास्की<br>कित्ता नं.: २८४२, ११२८, २८३९<br>क्षेत्रफलः २-११-२-०, १-९-३-१, १-०-१-० |
| ३ | ऋणीको नाम : मसिना कुमारी गुरुङ<br>ना प्र. प.नं.: १३६३१४ कस्की<br>पति/पत्नी : जुम प्रसाद गुरुङ<br>ससुरा/बाजे : टेक बहादुर गुरुङ<br>ठेगानाः हाल पो.म.न.पा-१७ महतगौडा |  | धनजमानत कर्ताको नाम : जुम प्रसाद गुरुङ<br>ना प्र.प.नं.: ५२८ कास्की<br>बुवा : टेक बहादुर गुरुङ<br>ससुरा/बाजे : मन बहादुर गुरुङ<br>ठेगाना : हाल पो.म.न.पा-१७ महतगौडा |  | ठेगाना : पोखरा १७, महतगौडा, कास्की<br>कित्ता नं. : ६८<br>क्षेत्रफल : १४३.१० वर्ग मिटर |
| ४ | ऋणीको नाम : सन्देश बराल<br>ना प्र. प.नं.: ४६-०१-७४-००७९३ कस्की<br>बुवाः खिमलाल बराल<br>ससुरा/बाजे : नन्दलाल बराल<br>ठेगानाः पोखरा १७ कास्की |  | धनजमानत कर्ताको नाम : खिमलाल बराल<br>ना प्र. प.नं.: १४४२२ कस्की<br>बुवा : नन्दलाल बराल<br>पति/पत्नी : विण्णु माया पौडेल बराल<br>ससुरा/बाजे : दुगा दत्त बराल<br>ठेगानाः पोखरा १७ कास्की |  | ठेगाना : कर्लुङ-५, तनहुँ<br>कित्ता नं ९७<br>क्षेत्रफल २-८-०-० |
| ५ | ऋणीको नाम :सविन कुमार बराल<br>ना प्र. प.नं.:४६-०१-७४-००७८४ कास्की<br>बुवाः खिमलाल बराल<br>ससुरा/बाजे :नन्दलाल बराल<br>ठेगानाः पोखरा १७ कास्की |  | धनजमानत कर्ताको नाम : खिमलाल बराल<br>ना प्र. प.नं.:१४४२२४ कास्की<br>बुवा :नन्दलाल बराल<br>पति/पत्नी :विण्णु माया पौडेल बराल<br>ससुरा/बाजे :दुर्गादत्त बराल<br>ठेगानाः पोखरा १७ कास्की |  | ठेगानाः मनपाङ-१, तनहुँ<br>कित्ता नं २७३, १३६, १३४<br>क्षेत्रफल ३-८-०-०, ४-८-३-३, १-९-३-० |

**जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**
**Jayalaxmi Saving & Credit Co-operative Society Ltd.**
प्रधान कार्यालय : पोखरा-११, रानीपौवा, फोनः ०६१-५७५३८२, ५९०३८१
लामाचौर सेवा केन्द्रः पोखरा-१९ लामाचौर फोनः ०६१-४४५२६६, ५९०३८०
सार्दीखोला सेवा केन्द्रः माछापुच्छ्रे-२ सार्दीखोला फोनः ०६१-४२२०८०

# विज्ञान शिक्षक समाज नेपाल, अन्नपूर्णको अध्यक्षमा ढकाल

**पोखरापत्र संवाददाता**
पोखरा, १४ माघ

विज्ञान शिक्षक समाज नेपाल, अन्नपूर्ण गाउँपालिकाको शुक्रबार सम्पन्न प्रथम अधिवेशनबाट किर्तीराज ढकालको अध्यक्षतामा गाउँपालिका समिति गठन भएको छ।

समितिको उपाध्यक्षमा ध्रुब प्रसाद अधिकारी, सचिवमा रीता खनाल, सहसचिवमा भोलानाथ पौडेल, कोषाध्यक्षमा शरद सुवेदी र सदस्यहरुमा गौतम सुवेदी, राम बहादुर गुरुङ, क्रिस्टोफर भट्टराई लगायत चयन भएका छन् । विज्ञान शिक्षक समाज नेपालको केन्द्रीय विधान बमोजिम प्रत्येक स्थानीय तह स्तरमा समेत कमिटी बिस्तार गर्ने अभियान अन्तर्गत गाउँपालिका विज्ञान विषय समितिका संयोजक दिपकराज अधिकारीको अध्यक्षतामा सम्पन्न विज्ञान शिक्षकहरुको भेलाले उक्त कमिटी गठन गरेको हो । कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्दै अन्नपूर्ण गाउँपालिका शिक्षा अधिकृत बलराम भुगाइँले विज्ञान शिक्षकहरुको पहलमा विद्यार्थीहरुलाई खोज, अनुसन्धान र नवप्रवर्तनमा लाग्न प्रेरित गर्नुपर्ने भन्दै कक्षाकोठामा बिताएको समय उपलब्धीमूलक भयो कि भएन भनेर हरेक शिक्षकले आत्ममूल्याङ्कन गर्नुपर्ने बताए । विशेष अतिथिको रुपमा बोल्दै विज्ञान शिक्षक समाज नेपाल, कास्की जिल्ला समितिका सदस्य हरिप्रसाद भण्डारीले विज्ञानका शिक्षकहरु पाउनै मुस्किल भएको हालको अवस्थामा पेसामा आवद्ध भएका विज्ञान शिक्षकहरुले आफ्ना विद्यार्थीलाई विज्ञानप्रति चासो बढाउन थप प्रयास गर्न अनुरोध गरे ।

अधिवेशनबाट निर्वाचित भएपछि आफ्नो प्रतिवद्धता व्यक्त गर्ने क्रममा नवचिर्वाचित अध्यक्ष ढकालले विद्यालयमा विषयगत शिक्षकको कमी हुँदा विज्ञान नै नपढेको शिक्षकले समेत विज्ञान पढाउनुपर्ने वाध्यता भएको हालको अवस्थामा ती शिक्षकहरुलाई समेत तालिम र प्रशिक्षणका माध्यमबाट क्षमता अभिवृद्धि गर्न समिति लागि पर्ने बताए । उनले विद्यार्थी केन्द्रित विज्ञान क्रियाकलापको सञ्चालन, विज्ञानसँग सम्बन्धित विषयमा अन्तरकृया तथा कार्यशालाको माध्यमबाट खोज एवम् अनुसन्धान सम्म पुग्न अन्नपूर्ण गाउँपालिकाकासँग सहकार्य गरी उपलब्धीमूलक कार्यक्रमहरु प्रस्तुत गर्ने बताए ।

# बास्केटबल कोर्टमा कराते

**पोखरापत्र संवाददाता**
दमौली, १४ माघ

सामान्यतः कराते खेल कभर्डहलमा आयोजना हुन्छ। घामपानीमा पनि प्रतियोगिता आयोजना गर्न कभर्डहलमा सहज हुन्छ तर तनहुँमा अवस्थामा त्यस्तो छैन । यहाँ बास्केटबल कोर्टमा कराते खेलाउनुपर्ने बाध्यता छ।

कभर्डहलको अभावमा नेपाल कराते महासङ्घ गण्डकी प्रदेशले सदरमुकाम दमौलीमा रहेको बास्केटबल कोर्टमा करातेका छनोट प्रतियोगिता गरेको छ।

हैरान्स क्लबले निर्माण गरेको बास्केटबल कोर्टमा गण्डकी प्रदेशका नौवटा जिल्लाका खेलाडीले प्रतिस्पर्धा गरेका छन् ।

पूर्वाधार अभावका कारण बास्केटबल कोर्टमा करातेको प्रतियोगिता आयोजना गर्नुपरेको नेपाल कराते महासङ्घ गण्डकी प्रदेश अध्यक्ष मनिराज थापाले जानकारी दिनुभयो । कभर्डहल नहुँदा बास्केटबल कोर्टमा भए पनि खेल खेलाएर खेलाडी छनोट गरिएको उहाँले बताउनुभयो ।


## लिलाम बारे ७ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८०/१०/१५, पोखरापत्र राष्ट्रिय दैनिक**

यस संस्थाको कार्यालय पोखरा- ५ प्रस्याङबाट व्यक्तिगत कर्जा लिनु भएका संस्थाका शेयर सदस्य भानु-९, तनहुँ निवासी महालक्ष्मी घिमिरेको ऋणको सावा तथा ब्याज असुल हुन नसकी मिति २०८०/०८/०७ गते ३५ दिने तथा मिति २०८०/०९/२१ गते १५ दिने लिलाम सम्बन्धी सार्वजनिक सूचना प्रकाशित भइसकेको हुँदा उक्त दिन भित्र लिलाम बोल बढाबढको लागि कोही कसैको पनि आवेदन नपरेको कारण यो ७ दिने लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ। यदि ७ दिनभित्र कुनै पनि आवेदन नपरेमा प्रचलित कानुन अनुसार हुनेछ।

**तपसील**

| ऋणी विवरण | धितो विवरण |
|---|---|
| ऋणीको नामः महालक्ष्मी घिमिरे<br>स्थायी ठेगानाः भानु -९, तनहुँ<br>नागरिकता नं.: ६४५<br>हालको ठेगानाः<br>पोखरा महानगरपालिका वडा नं. २७ लेखनाथ, कास्की<br>बाबुको नामः शशिघर घिमिरे<br>हजुरबुबाको नामः विष्णु प्रसाद पौडेल<br> | धितोको विवरणः कास्की जिल्ला अर्घो-२, कित्ता नं. ४४३२, क्षेत्रफलः ०-३-३-० क्षेत्रफलः ११९.२४ वर्ग मिटर |

**बगैंचा बचत तथा ऋण सहकारी संस्था लि.**
**Bagaincha saving & credit co-operative ltd.**
पोखरा-५, कास्की, नेपाल
फोन नं.: ०६१-४१९१२४, ४१९१८०



जन्म एउटै कर्म एउटै बाटो एउटै रहेछ !
सबै जना विलिन हुने माटो एउटै रहेछ !!

## हार्दिक समवेदना



जन्मः
वि. स. २000/08/२६ गते

स्वर्गारोहणः
वि.स. २0८0/१0/08 गते

**स्वः सुबेदार खडक बहादुर थापा**

स्याङ्जा जिल्ला साविकको राङभाङ गा.वि.स. वडा नं. ५ तथा विरुवा गाउँपालिका राङभाङ घर भई हाल पोखरा महानगरपालिका वडा नं. १५ रामबजार लक्ष्मीटोल निवासी यस 1/4th गोर्खा राईफल्स् (जेठी) भू.पू. सैनिक संघ पोखराका कर्मठ, मेहनती, अति मिलनसार मृदुभाषी बृद्ध सदस्यका दुई भाई छोरा क्या. तिल बहादुर थापा, कुम्भसिंह थापाको पुजनीय पिता **सुबेदार खडक बहादुर थापा** का बुहारीहरु विष्णु थापा, गिता थापाका पुजनीय ससुरा बुबा, ४ जना नाती, १ नातिनी बुहारी, १ पनाती, १ पनातिनीलाई छाडी अकल्पनिय स्वर्गारोहण हुनु भई आज उहाँको १२औं दिनको (पितृ) शुद्धशुद्धी पुण्यतिथिका अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवान बुद्धसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**सुवेदार राम प्रसाद गुरुङ** — सचिव
तथा
**क्या. गम बहादुर गुरुङ** — अध्यक्ष

**सम्पूर्ण 1/4th गोर्खा राईफल्स (जेठी) भू.पू. सैनिक संघ पोखरा**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७ कास्कीमा बुद्ध मन्टेश्वरी हुदैं जनजागरण टोलको भवनसम्मको बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः बुद्ध मन्टेश्वरी हुदैं जनजागरण टोलको भवनसम्मको बाटो निर्माण
ठेगानाः पोखरा-१७, कास्की
योजना सुरु मितिः २०८०/०९/१० गते
योजना सम्पन्न मितिः २०८०/१०/१० गते
योजनाको कुल लागतः रु. ८,८९,२४८।६५
महानगरपालिकाबाटः रु. ८,००,०००/-
जनसहभागिताबाटः रु.८९,२४८।६५
उपभोक्ता समिति अध्यक्षः मोती पौडेल

**बुद्ध मन्टेश्वरी हुदैं जनजागरण टोलको भवनसम्मको बाटो निर्माण उपभोक्ता समिति पोखरा-१७, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २२ कास्कीमा भ्यू पोइन्ट भेडीखर्क मोटरबाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः भ्यू पोइन्ट भेडीखर्क मोटरबाटो निर्माण
ठेगानाः पोखरा-२२, कास्की
योजना सुरु मितिः २०८०/१०/०२ गते
योजना सम्पन्न मितिः २०८०/१०/१० गते
योजनाको कुल लागतः रु. ११,१२,२४३।४७
महानगरपालिकाबाटः रु. १०,००,०००/-
जनसहभागिताबाटः रु.१,१२,२४३।४७
उपभोक्ता समिति अध्यक्षः शर्मिला बास्तोल

**भ्यू पोइन्ट भेडीखर्क मोटरबाटो निर्माण उपभोक्ता समिति पोखरा-२२, कास्की**



त्रिभुवन विश्वविद्यालय
## वन विज्ञान अध्ययन संस्थान
**पोखरा क्याम्पस, पोखरा**

**सेवाकरार ईलेक्ट्रिसियन तथा प्लम्बर पदको पदपूर्ति गर्ने सम्बन्धी दरभाउपत्र आव्हानको सूचना ।**

यस क्याम्पसका लागि विद्युत सम्बन्धी कामकाज गर्ने एक जना ईलेक्ट्रिसियन तथा खानेपानी सम्बन्धी कामकाज गर्ने एकजना प्लम्बर व्यक्तिगत सेवा करारमा बढीमा छ महिनाका लागि पदपूर्ति गर्नु पर्ने भएको हुँदा अदालतबाट कुनै कसुरदार नठहरिएको ईच्छुक, योग्य, नेपाली नागरिकहरुबाट मिति २०८०/१०/२९ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख



## सूर्य ब्लेण्डर्स प्रा. लि.
### आँबु खैरेनी, तनहुँ
### मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०८०/०८१ का लागि मिति २०८०/१०/१५ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्त:शुल्क र मू.अ.कर समेत समावेश गरिएको छ।

| ब्राण्ड | मि.लि. | यू. पी. | नेशनल डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | नेशनल डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | होलसेल मुल्य प्रति कार्टून | होलसेल कमिशन प्रति कार्टून | रिटेल मुल्य प्रति कार्टून | रिटेल कमिशन प्रति कार्टून | उपभोक्ता मुल्य प्रति कार्टून | उपभोक्ता मुल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| IMAGE carbon Black / Premium | 500 | 50 | 6950.00 | 250.00 | 7200.00 | 350.00 | 7550.00 | 350.00 | 7900.00 | 740.00 | 8640.00 | 480.00 |
| IMAGE carbon Black / Premium | 180 | 50 | 6950.00 | 250.00 | 7200.00 | 350.00 | 7550.00 | 350.00 | 7900.00 | 740.00 | 8640.00 | 180.00 |
| Twenty- Twenty | 180 | 50 | 6300.00 | 100.00 | 6400.00 | 250.00 | 6650.00 | 350.00 | 7000.00 | 680.00 | 7680.00 | 160.00 |
| FATAFAT(Green/Red) | 300 | 70 | 970.00 | 20.00 | 990.00 | 40.00 | 1030.00 | 40.00 | 1070.00 | 100.00 | 1170.00 | 39.00 |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यवसायको आवश्यकता अनुसार विभिन्न व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको शोध भर्ना दिन सकिनेछ।